# शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका

शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयको विद्यालय सुपरिवेक्षण तथा सहायता निर्देशिका २०८०, नवदुर्गा गाउँपालिका डडेल्धुरा जिल्ला शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि २०८२ बमोजिम विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइको केन्द्रको रुपमा विकास गर्न, विद्यार्थीको सिकाई सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी शिक्षक शिक्षा सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका तयार गरिएकोछ ।

**छनोट समिति सम्बन्धि व्यवस्था:** शैक्षणिक स्रोत व्यक्ति छनोटको लागि देहाय बमोजिमको तीन सदस्यीय छनोट समिति हुनेछ। उक्त समितिले शैक्षणिक स्रोत व्यक्ति छनोटको सम्पुर्ण प्रक्रिया सम्पन्न गर्नेछ।

१. सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. सम्बन्धित पालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख (बिषय बिज्ञ)- सदस्य
३. टेक्सेस परियोजनाको प्रतिनिधि (बिषय बिज्ञ)- सदस्य

**शैक्षणिक स्रोत व्यक्ति छनौटका आधारहरू देहाय बमोजिम हुनेछन ।**

१.शैक्षणिक स्रोत व्यक्ति छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ।

| | |
|---|---|
| छोटो सूची वापत: | २५ |
| लिखित परिक्षा वापत : | ५० |
| अन्तरवार्ता वापत: | २५ |
| **जम्मा** | १०० |

**२.छोटो सूची सम्बन्धी व्यवस्था:** २५

दर्ता हुन आएका आवेदनहरु न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत २५ × १०० बमोजिमको समितिले अंक गणना गरी वर्णानुक्रम अनुसार छोटो सूची प्रकाशन गर्नेछ ।छोटोसूचीकरणका लागि अंक गणना गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत वापत- २५ अङ्क,
(ख) तोकिएको भन्दा माथिल्लो शैक्षिक योग्यता वापत -५अङ्क
(ग) नेपाल सरकारद्वारा सञ्चालित शिक्षा सम्वन्धि कार्यक्रम वा शिक्षकको क्षमता अभिवृद्धि वा सोही प्रकृतिको काम गरेको अनुभव वापत प्रति वर्ष २ अङ्कका दरले अधिकतम-१०अङ्क
(घ) महिला वा दलित वा अपाङ्गता-५अङ्क
(ङ) उम्मेदवारको स्थायी बसोबास क्षेत्रको स्थानका आधारमा-५
(अ) सम्बन्धित जिल्लाको स्थायी बासिन्दा- ५अङ्क
(आ) सुदूरपश्चिम प्रदेशको स्थायी बासिन्दा- ३ अङ्क

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

(इ) अन्य प्रदेशको स्थायी बासिन्दा- १ अङ्क

अंक गणना गर्दा ४५ (पैँतालीस) प्रतिशत अंक प्राप्त गर्ने सबै उम्मेदवारलाई छोटो सूचीमा सूचीकरण गरिनेछ।उम्मेदवारको छोटो सूची सूचीकरण गर्दा वर्णानुक्रम अनुसार नामावली प्रकाशन गरिनेछ।

## ३.लिखित परिक्षाका लागि समावेश गर्नुपर्ने मुख्य विषयवस्तुहरू (नेपालीमा): ५०

**शिक्षकको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरू (10)**

- नेपालको शिक्षा ऐन, नियमावली, बिद्यालय शिक्षा क्षेत्र योजना र शिक्षक सेवा सम्बन्धी नीति
- शिक्षाका अन्तर्राष्ट्रिय अभ्यासहरू (SDG-4, Inclusive Education, आदि)

**विद्यालयहरूको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष (10)**

- विद्यालयको भौतिक पूर्वाधार (कक्षाकोठा, शौचालय, पिउनेपानी, ICT)
- विद्यालयको शैक्षिक वातावरण (शिक्षण सिकाइ प्रक्रिया, पठनपाठन सामग्री)
- विद्यालय व्यवस्थापन समिति (SMC), PTA, SIP (School Improvement Plan)
- पारदर्शी व्यवस्थापन र EMIS प्रणाली

**शिक्षकको पेशागत विकास (Teacher Professional Development) (10)**

- निरन्तर पेशागत विकास (TPD) का सिद्धान्त र अभ्यास
- शिक्षक तालिमका ढाँचा (प्रि–सर्भिस र इन–सर्भिस)
- शिक्षक मूल्यांकन प्रणाली
- शिक्षकको मनोबल वृद्धि र उत्प्रेरणा प्रवर्द्धन गर्ने उपायहरू

**तालिमसम्बन्धी ज्ञान (10)**

- शिक्षक तालीमका उद्देश्य र महत्त्व
- प्रभावकारी तालीमको विशेषता
- सिकाइको मूल्याङ्कन विधिहरू
- अभ्यासमूलक (practical) तालिम र कक्षा प्रयोगशाला

**कक्षाकोठाका समस्या तथा समाधान उपायहरू (5)**

- विद्यार्थी अनुशासन, उपस्थितिको समस्या
- सिकाइमा विविधता (learning difficulties, disabilities)
- द्विभाषिक शिक्षण समस्या
- कक्षा व्यवस्थापनमा ICT वा स्थानीय स्रोतको प्रयोग

**मेंटोरिङ (Mentoring) र कोचिङ (Coaching) (5)**

- शिक्षकलाई व्यक्तिगत रूपमा सहयोग गर्न Mentoring को भूमिका
- कोचिङ विधिहरू: classroom observation, feedback

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- पेडागोजिकल रिसोर्स पर्सन (PRP) वा शिक्षक प्रशिक्षकको भूमिका

**३.अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था: २५**

**अन्तर्वार्ता सम्बन्धी व्यवस्था:**

छोटो सूचीमा सूचीकरण भएका र लिखित परिक्षामा पास भएका उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ।अन्तरवार्ता २५ पूर्णाङ्कको हुनेछ।

(1) अन्तरवार्ता समितिका सदस्यले अन्तरवार्तामा उम्मेदवारलाई न्यूनतम ४० (चालीस) प्रतिशत र अधिकतम 7०(सत्तरी) प्रतिशतको सीमा भित्ररही अङ्क प्रदान गर्नु पर्नेछ। यो सीमा भन्दा कम वा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्नेछ।

(2) समितिका सदस्यहरूले दिएको औषत अङ्कलाई उम्मेदवारले प्राप्त गरेको अङ्क मानिनेछ।

(3) अन्तरबार्ता समस्या समाधान सम्बन्धि बिषयमा केन्द्रित हुनेछ। सम्बन्धित उम्मेदवारले पाएको बिषयमा प्रस्तुतीकरण कम्प्युटरमा बनाई प्रस्तुत गर्नु पर्नेछ।

(4) अन्तरबार्ताको निर्धारित प्रश्न र थप प्रश्न समिति सदस्यहरुले सोध्न सक्नेछन ।

**४. अन्तिम योग्यताक्रम प्रकाशन गर्ने:**

(१) उम्मेदवारले प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा समितिले अन्तिम योग्यताक्रम निर्धारण गरी सफल उम्मेदवारको नामावली सिफारिस गर्नेछ।

(२) योग्यताक्रम अनुसार छनौट भएका सफल उम्मेदवारहरूको अन्तिम नामावली सूचना पाटी र वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) अन्तिम नामावली प्रकाशन गर्दा विज्ञापन बमोजिम वैकल्पिक उम्मेदवारको नामावली समेत प्रकाशन गर्नुपर्नेछ।

(४) अन्तिम योग्यता सूचीमा पर्न सफल उम्मेदवारलाई कार्यालयले जानकारीको लागि सूचना गर्नु पर्नेछ।

(५) करार सम्झौता गर्दा करार सेवा सुरू र अन्त्य हुने मिति सेवा सुबिधा, कार्यबिबरण समेत उल्लेख गर्नु पर्नेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष